मिति : २०८१।०३।०३

समय : बिहान ११:०० बजे

स्थान : गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८१।०३।०३ गते सोमबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री ठाकुर प्रसाद दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १। सरद प्याकुरेल | सूचना तथा प्रशासन शाखा |
| २। बेल कुमार | प्रशासन शाखा |

**प्रस्तावहरु**

१. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणका लागि प्रतिवद्धता सम्बन्धमा।

२. गाउँसभा सम्बन्धमा ।

३. रकमान्तर सम्बन्धमा ।

४. व्याकअप खरिद सम्बन्धमा ।

५. लक्षित वर्ग सम्बन्धी कार्यक्रम कार्यविधि सम्बन्धमा ।

६. विविध

## निर्णयहरु

निर्णय नं.१ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणका लागि प्रतिवद्धता सम्बन्धमा।।

प्रस्ताव नं १कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणका लागि प्रतिवद्धता सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका र पालिका मातहतका कार्यलयहरुमा तपशिल अनुसारको यौनजन्य दुर्व्यवहार निवारणका लागि प्रतिबद्धता जारी गर्ने निर्णय गरियो ।

तपशिल

यस गोलन्जोर गाउँपालिकाको कार्यालय, अन्तरगतका वडा कार्यालयहरु लगायत गाउँपालिकाको क्षेत्रभित्र रहेका सम्पूर्ण कार्यालयहरुमा यौनजन्य दुर्व्यवहार निवारणका लागि निम्न प्रतिवद्धता जाहेर गर्दछौं।

१. लैङ्गिक तथा जातीय विभेदपूर्ण शव्द तथा व्यवहार गर्दैनौ साथै अस्वाभाविक व्यवहारहरु (अरुलाई मन नपर्ने) गर्ने छैनौ।

२. अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक,लैगिंक तथा यौनिक अल्पसंख्यक, महिला, तथा बालबालिका प्रति सकारात्मक बन्छौ।

३. हिंसाजन्य दुर्व्यवहार (जातीय छुवाछुत, अपमान) गर्दैनौ र अरुलाई गर्न दिने छैनौ।

४. अरुलाई लेखेर, बोलेर, इसारा, र व्यवहारले पिडादायक (Harassment) व्यवहार गर्ने छैनौ र अरुको निजि कुरामा चासो राख्नेछैनौ।

५. आ-आफ्नो जिम्मेवारी इमान्दारीतापूर्वक पुरा गर्ने छौ, सेवा दिदा विभेद गर्ने छैनौं, सवैमा सम्मान, सदभाव सहयोगको व्यवहार गर्नेछौ।

६. कार्यालयमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्वन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौ।

७. कुनै पनि कर्मचारीले जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, राजनीतिक वा सामाजिक हैसियत, भौगोलिकता, राजनीतिक दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारीरिक अवस्था, वैवाहिक स्थिति वा अन्य कुनै पनि आधारमा कसै प्रति पनि भेदभाव नगरी सबैलाई सम्मानजनक, न्यायोचित, समान व्यवहार गर्नेछौ।

८. कार्यालय परिसरमा हुने वा हुन सक्ने यौनजन्य दुर्व्यवहार नियन्त्रणका लागि कार्यालय प्रमुख, जनप्रतिनिधि, कर्मचारीहरु र सेवाग्राहीहरुले आ-आफनो पक्षबाट जिम्मेवारी बहन गर्नेछौ।

९. कार्यालय प्रमुख र अन्य कर्मचारीले कार्यस्थलमा कार्यरत कुनै कर्मचारीलाई यौनजन्य आशयले आफूसंग नजिक राख्ने वा आफूसंग नजिक रहन बाध्य पार्ने छैनौ।

१०. कार्यालय प्रमुख र अन्य कर्मचारीले यौनजन्य आशयले कुनै कर्मचारीलाई विशेष सुविधा उपलव्ध गराउन वा उपहार दिने कार्यगर्ने छैनौ।

११. जनप्रतिनिधि र कर्मचारीहरुलाई यस आचार संहिताको अभिमुखीकरण र आबश्यक्तानुसार पुनर्ताजगी कक्षा सञ्चालन गरी आचार संहिताको प्रति समेत उपलब्ध गराउने छौ।

खरी

१२. पालिका मातहतमा रहेका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा कार्यालयमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता कार्यान्वयन गर्नका लागि पत्राचार गर्नेछौं ।

१३. प्रत्येक वर्ष आचार संहिता कार्यान्वयन भए नभएको समीक्षा गरी प्रतिवेदन तयार गर्नेछौं र समीक्षाबाट प्राप्त सुझावहरुको आधारमा आचार संहितालाई परिमार्जन र परिस्कृत गर्नेछौं।

१४. आचार संहिताको फ्लेक्स प्रिन्ट तयार गरी सबैले देख्ने गरी कार्यालयको प्रवेशद्वार, जनप्रतिनिधि कक्ष तथा कार्यालय प्रमुखको कक्ष, र सम्भव भए सम्म सबै शाखा तथा वडा कार्यालय तथा विद्यालयहरुमा राख्ने छौ।

१५. आचार संहिता पालना नभएको अबस्थामा सुझाब दिनको लागि सुझाब पेटीका राख्नेछौं।

१६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका बारेमा तत्काल सुनुवाई गर्न सुनुवाई समिति गठन गरी क्रियाशील गर्नेछौं।

१७. गाउँपालिकाले बनाउने/बनाएको यौनजन्य दुर्व्यवहार निवारण आचार संहितालाई अक्षरसः पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

निर्णय न २ गाउँसभा सम्बन्धमा ।
प्रस्ताव नं २ गाउँसभा बैठक माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकाको पन्धौं गाउँसभाको बैठक असार ९ गते आह्वान गरी नीति तथा कार्यक्रम पेश गर्ने र १० गते बजेट पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं ३ रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं ३ रकमान्तर सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं ६को निर्णय बमोजिम गाउँसभाले निर्णय गरिएको आ व २०८०।०८१ को तपशिलको योजनाको रकमान्तरण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| साविक योजनाको नाम | विनियोजित रकम | रकमान्तर हुने योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| ६ नं. वडा फुटबल कप | रु २५००००। | ६ नं वडा कार्यालय घेराबेरा | रु २०००००। |
| | | बाशेश्वर स्वास्थ्य चौकी व्यवस्थापन | रु ५००००। |

निर्णय नं ४ ब्याकअप खरिद सम्बन्धमा ।
प्रस्ताव नं ४ ब्याकअप खरिद सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको दैनिक कार्यालय तथा बर्थिङ्ग सेन्टर संञ्चालनको क्रममा बत्तीमा दैनिक जसो समस्या देखिएकोले आगामी आर्थिक वर्षको आर्थिक कारोबार शुरु भएपछी गाउँकार्यपालिकाको आवश्यक्तालाई पुर्ति हुने गरी प्राविधिकको सल्लाह बमोजिम ब्याकअपको व्यवस्था जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ५. लक्षित वर्ग सम्बन्धी कार्यक्रम कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं ५ लक्षित वर्ग सम्बन्धी कार्यक्रम कार्यविधि सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको लक्षित वर्ग दलित जनजाती महिला बालबालिका ज्येष्ठ नागरिक र अन्य जोखिममा रहेका बर्ग तथा समुदायलाई समेटने गरी एकिकृत कानून निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।